केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ
फोन: ४४११४०७
फ्याक्स: ४४१४५५२
email: bfird@nrb.org.np
website: www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्रसंख्या : बै.वि.नि.वि./आ.प्र./ग/१२९/०७३/७४ मिति : २०७३/०५/१३

**श्री सबै इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु ।**

***विषय: विवरण उपलब्ध गराउने सम्बन्धमा ।***

महाशय,

यसै पत्रसाथ संलग्न श्री नेपाल सरकार, गृह मन्त्रालय, महानगरीय प्रहरी परिसर काठमाण्डौं (अपराध अनुसन्धान तथा कारवाही शाखा) टेकु, काठमाण्डौको पत्र सं ०७३/०७४ च.नं. ६५० मिति २०७३/०५/०७ को पत्रको प्रतिलिपिबाट व्यहोरा अवगत गरी सोही बमोजिम गर्नुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

भवदीय,

(मिला देबी बाराही )
सहायक निर्देशक

बोधार्थ :–

श्री महानगरीय प्रहरी परिसर काठमाण्डौं,
(अपराध अनुसन्धान तथा कारवाही शाखा)
टेकु, काठमाण्डौ ।

नेपाल सरकार
गृह मन्त्रालय

# महानगरीय प्रहरी परिसर काठमाडौं

( अपराध अनुसन्धान तथा कारवाही शाखा )

२१९९२९
२६१८४३
फो.नं. २६१९४५

टेकु,काठमाडौ ।
http.www.nepalpolice.gov.np
Email-kathmandu nepalpolicegov
मिति २०७३।०५।०७ गते ।

पत्र संख्या :-०७३।०७४
चलानी नं. :- ६८२०
प्राप्त पत्र सख्या :-

बिषय :- विवरण उपलब्ध गराई दिन हुन ।

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तिय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।

उपरोक्त बिषयमा नेपाल ईन्भेष्टमेण्ट बैंक लि. को पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रोजन भन्ने पोषराज भट्टराई समेत भएको निज प्रतिवादीहरुले विभिन्न पसलहरुबाट सामान खरिद गरी उक्त पसलहरुमा रहेको POS मेशिनहरुमा विभिन्न अनधिकृत ईलेक्ट्रोनिक्स कार्डहरुको प्रयोग गरी रकम भुक्तानी गरेको बैंकिङ कसुर मुद्धाको अनुसन्धानको क्रममा प्रहरीले कानून बमोजिम बरामद गरेको विभिन्न विवरण लेखिएका ईलेक्ट्रोनिक्स कार्डहरुको म्याग्नेटिक स्ट्रिप्स समेतमा भएका कोड नम्बर तथा नम्बरहरुको विवरण उपलब्ध गराई दिनका लागि श्री नेपाल ईन्भेष्टमेण्ट बैंक लि. मा पत्राचार गरिएकोमा उक्त बैंकबाट उल्लेखित कार्डहरु जाँच गरी सो कार्डहरुमा तपसिल बमोजिमका नम्बर तथा कोड नम्बरहरु रहेको भनी लेखिई आएकोमा प्राप्त हुन आएका नम्बर तथा कोड नम्बरहरु तपसिलमा खुलाई पठाईएको छ । बरामद भएका उल्लेखित नम्बर तथा कोड नम्बरहरु भएको कार्डहरुको प्रयोग गरी प्रतिवादीहरुले नेपाल राज्य भरका बैंक तथा वित्तिय संस्थाहरुको ATM Machines बाट रकम निकालेको वा POS मेशिनहरुबाट भुक्तानी गरेका छन, छैनन ? भए के कुन बैंकको के कुन शाखा वा ATM Machines बाट कुन मितिमा कति रकम निकालिएको वा झिकिएको छ ? उल्लेखित कार्डहरुबाट POS मेशिनहरुबाट रकम भुक्तानी गरेको भए के कति रकम कहिले र कहाँ भुक्तानी भएको छ ? विवरण उपलब्ध गराई दिने व्यवस्था हुन अनुरोध गरिएको छ ।

तपसिल

| | | | |
|---|---|---|---|
| १. | ५११०१७०१००४००६२८ | २. | ४१५९३२१०३०१२२०२३ |
| ३. | ५२३२५५०६९१०५२१४९ | ४. | ५११०१७०१००४००६२८ |

प्रहरी नायव उपरीक्षक
( रविन्द्र रेग्मी )